# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## प्रदेश इन्जिनियरिङ सेवा, नवौं र सातौं तहका पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २/२०८०-०८१** **मितिः-२०८०/४/१०**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ (१) र ३६ (१) बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८०/०५/१२ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ । जेष्ठताको गणना गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली २०७९ को नियम ६५ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्वन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

## उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

१. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ र दफा १९ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने ।

२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने ।

४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्ने ।

५. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने ।

६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरु गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६ बमोजिम हुनेछ।

७. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२, दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ५७, ५८,५९ र ६५ बमोजिम हुनुपर्ने।

८. बढुवा सम्वन्धी अन्य व्यवस्था गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम हुने।

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | तह | बढुवाको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | १/२०८०-८१ | सि.डि.इ., इन्जि., सिभिल, जनरल | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ (एक) |
| २. | २/२०८०-८१ | सि.डि.इ., इन्जि., सिभिल, स्यानिटरी | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ (एक) |
| ३. | ३/२०८०-८१ | सि.डि.इ., इन्जि., सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ (एक) |
| ४. | ४/२०८०-८१ | सि.डि.इ., इन्जि., सिभिल, इरिगेशन | ९ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ (एक) |
| ५. | ५/२०८०-८१ | सि.डि.इ., इन्जि., सिभिल, स्यानिटरी | ९ | कार्यक्षमताको मूल्याङ्कन | १ (एक) |
| ६. | ६/२०८०-८१ | इन्जिनियर, इन्जि., सिभिल, जनरल | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | २ (दुई) |
| ७. | ७/२०८०-८१ | इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | २ (दुई) |
| ८. | ८/२०८०-८१ | इन्जिनियर, इन्जि., सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | २ (दुई) |
| ९. | ९/२०८०-८१ | इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | ३ (तीन) |
| १०. | १०/२०८०-८१ | इन्जिनियर, इन्जि., मेकानिकल | ७ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ (एक) |
| ११. | ११/२०८०-८१ | इन्जिनियर, इन्जि., सिभिल, जनरल | ७ | कार्यक्षमताको मूल्याङ्कन | १ (एक) |
| १२. | १२/२०८०-८१ | इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | ७ | कार्यक्षमताको मूल्याङ्कन | २ (दुई) |
| १३. | १३/२०८०-८१ | इन्जिनियर, इन्जि., सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | ७ | कार्यक्षमताको मूल्याङ्कन | २ (दुई) |
| १४. | १४/२०८०-८१ | इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | ७ | कार्यक्षमताको मूल्याङ्कन | ३ (तीन) |
| १५. | १५/२०८०-८१ | इन्जिनियर, इन्जि., मेकानिकल | ७ | कार्यक्षमताको मूल्याङ्कन | १ (एक) |

**दरखास्त दस्तुरः** <u>नवौं तहको लागिः</u> रु. २०००/- (दुई हजार रुपैया)
<u>सातौं तहको लागिः</u> रु. १२००/- (एक हजार दुईसय रुपैया)

**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००

**कार्यालय कोडः** २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश)

**राजस्व शीर्षक नं.** १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

### प्रदेश इन्जिनियरिङ सेवा, विभिन्न समूह, उपसमूह, सातौं तहका पदहरुको

## अन्तर तह, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. ३/२०८०-०८१** **प्रकाशन मितिः-२०८०।०४।१०**

प्रदेश इन्जिनियरिङ सेवाका देहायका समूह, उपसमूह र तहका पदको अन्तर तह, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://onlineppsc.gandaki.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि सम्वन्धित निकायमा सिफारिस गरिनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | किसिम/समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ७००१/२०८०-०८१ | क. इन्जिनियर, इन्जि., सिभिल, जनरल | अन्तर तह | १ | २०८०/०५/१९ गते विहान ८:०० बजे | २०८०/०५/२० गते दिनको ११:०० बजे |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | | १ | | |
| | | ग. इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | | १ | | |
| | | जम्मा | | ३ | | |
| २. | ७००२/२०८०-०८१ | क. इन्जिनियर, इन्जि., सिभिल, जनरल | खुला | २ | | |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | | ३ | | |
| | | ग. इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | | ३ | | |
| | | जम्मा | | ८ | | |
| ३. | ७००३/२०८०-०८१ | क. इन्जिनियर, इन्जि., सिभिल, जनरल | महिला | १ | | |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | | १ | | |
| | | ग. इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | | १ | | |
| | | जम्मा | | ३ | | |
| ४. | ७००४/२०८०-०८१ | क. इन्जिनियर, इन्जि., सिभिल, जनरल | आ.ज. | १ | | |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | | १ | | |
| | | ग. इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | | १ | | |
| | | जम्मा | | ३ | | |
| ५. | ७००५/२०८०-०८१ | इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | दलित | १ | | |

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| ६. | ७००६/२०८०-०८१ | इन्जिनियर, इन्जि., सिभिल, वि.एण्ड आर्क. | अन्तर तह | १ | २०८०।५।२२ गते विहान ८:०० बजे | २०८०।५।२३ गते दिनको ११:०० बजे |
| ७. | ७००७/२०८०-०८१ | इन्जिनियर, इन्जि., सिभिल, वि.एण्ड आर्क. | खुला | २ | | |
| ८. | ७००८/२०८०-०८१ | इन्जिनियर, इन्जि., सिभिल, वि.एण्ड आर्क. | महिला | १ | | |
| ९. | ७००९/२०८०-०८१ | इन्जिनियर, इन्जि., सिभिल, वि.एण्ड आर्क. | आ.ज. | १ | | |
| १०. | ७०१०/२०८०-०८१ | इन्जिनियर, इन्जि., मेकानिकल | खुला | १ | २०८०।५।२४ गते विहान ८:०० बजे | २०८०।५।२५ गते विहान ७:०० बजे |
| ११. | ७०११/२०८०-०८१ | इन्जिनियर, इन्जि., मेकानिकल | महिला | १ | | |

**परीक्षाको किसिमः-** लिखित परीक्षा, सामुहिक छलफल र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-** पोखरा

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरुमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली https://onlineppsc.gandaki.gov.np/ मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिनेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८०/०४/३० सम्म र दोब्बर दस्तुर तिरी २०८०/०५/०५ सम्म।

**उम्मेदवारको उमेरको हदः-** २०८०/०४/३० सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको साथै महिला वा अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ। तर संघीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**दरखास्त दस्तुरः-** दरखास्त दस्तुर रु. १२०० (एक हजार दुईसय रुपैया) बुझाउनु पर्नेछ। अन्तरतह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकको लागि ४००।- (चार सय) का दरले परीक्षा दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएको बैंकबाट नगद बुझाउन सकिनेछ। दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत बैङ्क भौचर सिर्जित भैसकेपछि तोकिएको Payment Service मार्फत् पनि भुक्तानी गर्न सकिनेछ। (Connect IPS वा अन्य विद्युतिय भुक्तानी प्रणाली जस्तैः E-sewa, Khalti etc. बाट direct भुक्तानी अनलाईन प्रणालीले सपोर्ट गर्ने छैन।)

**दरखास्त दस्तुर बुझाउने अवधिः-** २०८०।०५।०६ गते सम्म (कार्यालय समय भित्र)

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता (लम्बधाङ्क पत्र र चारित्रिक प्रमाणपत्र) समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएकै स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफनो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्वन्धी प्रदेश सरकारले तोके बमोजिम

**सेवा, शर्त र सुविधाः-** प्रदेश कानून बमोजिम

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

**आवश्यक न्यूनतम योग्यताः**

१. **इन्जि., सिभिल, जनरलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

२. **इन्जि., सिभिल, स्यानिटरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

३. **इन्जि., सिभिल, इरिगेशनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

४. **इन्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्टः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चर इन्जिनियरिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

५. **इन्जि., मेकानिकलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

## अन्तर तह, खुला तथा समावेशी परीक्षाको लागि सूचना

(क) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १९ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ख) अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (११) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(ग) अन्तर तह, खुला र समावेशीतर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र अन्तर तह, खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन) ।

(घ) अन्तर तह, खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

(ङ) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

(च) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ ।

## समावेशी समूहतर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवाहरुका लागि विशेष निर्देशन

(क) आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ।

(ख) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

**द्रष्टव्य**

(क) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (२) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र पाउनेछ।

(ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

(घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ङ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा लिखित निवेदन दिनुपर्नेछ।

(च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(छ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) सूचनामा उल्लेखित विषय बाहेक अन्य विषयहरु प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

(झ) दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

(ञ) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागिः** ०६१-४६७८७३

Website:- **http://ppsc.gandaki.gov.np** **E-mail:** gandakipsc2076@gmail.com

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश